म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश

पत्र संख्या : ०७७/७८

मिति : २०७७/०८/११

## सामाजिक सुरक्षा भत्ताको लागि निवेदन दिदाँ आवश्यक पर्ने योग्य उमेर अवस्था र कागजात सम्बन्धमा सुचना।

नेपाल सरकारले हाल विभिन्न वर्गका नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आइरहेको छ। जस अन्तर्गत यस म्यागङ गाउँपालिका अन्तर्गत ६ वटा वडाहरुमा पनि सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको व्यहोरा सम्पुर्णमा अवगत नै छ। नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सामाजिक सुरक्षा नियमावली २०७६ अनुसार निम्न बमोजिमका उमेर र अवस्थाका नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि तपशिल बमोजिमका कागजात संलग्न राखि तोकिएको ढांचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने व्यहोरा साथ जानकारी गराईन्छ ।

| क्र स | किसिम | योग्य उमेर र अवस्या | आवश्यक कागजात | मासिक |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक (७० वर्ष माथि) | ७० वर्ष पुगेको | नागरिकताको प्रतिलिपी, पासपोर्ट फोटो २ प्रति | रु ३००० |
| २ | जेष्ठ नागरिक (दलित) | ६० वर्ष पुगेको | नागरिकताको प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति | रु २००० |
| ३ | जेष्ठ नागरिक एकल | सम्बन्ध विच्छेद भएको महिला ६० वर्ष पुगेको | सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र, नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति | रु २००० |
| | | विवाह नगरी बसेकी महिला ६० वर्ष पुगेको | विवाह नगरेको दर्ता प्रमाणपत्र, नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति | |
| ४ | विधुवा (आर्थिक सहायता) | पतिको मृत्यु भएको जुनसुकै उमेरको महिला | पतिको मृत्युदर्ताको प्रमाणपत्र प्रतिलिपी, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति | रु २००० |
| ५ | क वर्ग | क वर्गको अपाङ्गता भएको जुनसुकै उमेरको नागरिक | अपाङ्गता परिचयपत्र (रातो कार्ड) को प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति,नागरिकताको प्रतिलिपी, संरक्षकको नागरिकताको प्रतिलिपी र बालबालिकाको हकमा जन्मदर्ता | रु ३००० |
| ६ | ख वर्ग (आर्थिक सहायता) | ख वर्गको अपाङ्गता भएको जुनसुकै उमेरको नागरिक | अपाङ्गता परिचयपत्र (निलो कार्ड) को प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति,नागरिकताको प्रतिलिपी, बालबालिकाको हकमा जन्मदर्ता | रु १६०० |
| ७ | दलित बालबालिका | ५ वर्ष उमेर ननागेको दलित परिवारका बढीमा २ बालबालिका | जन्मदर्ताको प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति र आमा बाबुको संरक्षकको नागरिकताको प्रतिलिपी | रु ४०० |

*नोटः नेपाल सरकार वा नेपाल सरकारको मान्यताप्राप्त संघसंस्थाबाट तलब, भत्ता, पेन्सन जस्ता मासिक सुविधा प्राप्त गर्नेहरुले सामाजिक सुरक्षा भत्ता नपाउने र एक भन्दा बढी लक्षित समुहमा परेका व्यक्तिले एक समुहको भत्ताको लागि मात्र निवेदन दिन सक्नेछन् ।*

Sabinaf

सबिना किवाछे

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत